१०. **अनुगमन तालिका तयार गर्नुपर्नेः**

(१) समितिले योजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ।

(२) तालिकालाई समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले आवश्यक पृष्ठपोषण दिन सक्नेछ।

(४) अनुगमन तालिका सम्बन्धित उपभोक्ता समिति, निर्माण ब्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक,  सम्वन्धित वडा समिति र सुपरीवेक्षणको लागि तोकिएको कर्मचारीलाई अग्रिम रुपमा उपलब्ध गराउनु पर्नेछ।

११. **अनुगमन कार्यको लागि स्रोतको प्रबन्धः**

(१) अनुगमन कार्यतालिका बमोजिम समितिको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको प्रबन्ध

कार्यपालिकाले बार्षिक बजेट तथा कार्यक्रमको कन्टेन्जेसीबाट खर्च हुने गरी गर्नुपर्नेछ।

(२) स्वीकृत वार्षिक बजेटका आधारमा कार्यतालिका वमोजिम अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक

स्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी गा.पा.अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(३) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्बन्धी

व्यबस्था प्रचलित प्रदेश कानूनको अधीनमा रही कार्यपालिकाले निर्णय गरेको निर्देशिका बमोजिम हुनेछ।

१२. **पूर्वाधार विकास योजनाको अनुगमनः** (१) समितिले पूर्वाधार विकास सम्बन्धी योजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनुपूर्व, निर्माणाधीन अवस्था र निर्माण सम्पन्न भएपछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ।

(२ निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रही अनुसूची १ को

ढाँचामा गर्नु पर्नेछः

| | | | |
|---|---|---|---|
| ५ | अन्य सदस्यहरु | १५००.० | कर कट्टा गरिनेछ। |
| ६ | सहायक स्तर प्राबिधिक र सहयोगी | १०००.० | कर कट्टा गरिनेछ। |

**ङ) वडाबाट बजेट बिनियोजन गरी वडा स्तरीय अनुगमन समितिले अनुगमन खर्च गर्न सकिनेछ।**

| क्र.स. | पदाधिकारी | अनुगमन खर्च/ प्रतिदिन रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा अध्यक्ष | १२००.० | कर कट्टा गरिनेछ। |
| २ | वडा सदस्यहरु | १२००.० | कर कट्टा गरिनेछ। |
| ३ | वडा सचिव | १२००.० | कर कट्टा गरिनेछ। |

## परिच्छेद – ६

२१. **अनुगमन गर्नसक्नेः** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका तथा अध्यक्षले गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(२) समितिले वडास्तरीय अनुगमन समितिबाट अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

२२. **जिम्मेवारी तोक्नुपर्नेः** (१) कार्यालयले यस निर्देशिका बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण सम्वन्धी कार्यको समन्वय, सहजीकरण, कार्यान्वयन र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यका लागि योजना शाखालाई जिम्मेवारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकामा अनुगमन सम्बन्धी कामका लागि बेग्लै शाखा वा एकाइ रहेको अवस्थामा उपदफा (१) बमोजिमको कार्य जिम्मेवारी सोही शाखा वा एकाइको हुनेछ।

२३. **निर्देशिकाको पालना गर्नुपर्नेः**

(१) वडास्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र

समिति समक्ष पेश गर्नुपर्नेछ।

२४. **चेकलिष्ट तयार गर्न सक्नेः** समितिले योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस निर्देशिकामा भएको व्यबस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गरी लागू गर्न सक्नेछ।

२५. **संशोधन वा हेरफेर:** कार्यपालिकाले समितिसँगको परामर्शमा यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

२६. **बाधा अड्काउ फुकाउः** यस निर्देशिकामा कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची– १

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | अनुगमन गरिने योजनाको नाम | |
| २. | योजनास्थल/ठेगाना | |
| ३. | योजनाको स्वीकृत लागत अनुमान रु. | |
| ४. | सम्झौता रकम रु. | कुल सम्झौता रकम रु. .....<br>जनसहभागिता/लागत सहभागिताको रकम रु. .......... |
| ५. | योजना सम्झौता मितिः | |
| ६. | योजना शुरु तथा सम्पन्न हुने मिति | शुरु हुने मितिः ...........<br>सम्पन्न हुने मितिः ....... |
| ७. | लाभान्वित जनसंख्या | |
| ८. | कार्यान्वयन गर्ने निकायको नाम र सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | |
| ९. | निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण | |
| १०. | आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति आपूर्तीको स्रोत र सोको गुणस्तर | |
| ११. | भौगोलिक एवं वातावरणीय जोखिम | |
| १२. | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम | |
| १३. | लाभग्राही समुदायको सरोकारको विषय, धारणा र सुझाव | |

